**बैठक नं.१०**

आज मिति २०८०/१०/२८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

विर बहादुर तामाङ - का.वा. वडाध्यक्ष - ६

नकुल शाही ठकुरी - का.वा. वडाध्यक्ष - ११

राधिका घर्ति मगर - का.वा. वडाध्यक्ष - १८

**प्रस्ताव नं. १०.१**

मिति २०८०।१०।१८ मा बसेको नवौ बैठकको समीक्षा संम्बन्धमा ।

- दूध मिसनका लागि पाडी पर्वद्धन कार्यक्रम संचालन कार्यविधि, २०८० स्वीकृत गरिएको । उक्त कार्यविधि प्रमाणीकरण भई स्थानीय राजपत्रमा समेंत प्रकाशित भइसकेको ।
- जितगढी किल्ला संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८० स्वीकृत गरिएको । उक्त कार्यविधि प्रमाणीकरण भई स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- हाटबजार शपिङ्ग कम्प्लेक्सको माथिल्लो तलामा खाली रहेका सटरकोठाहरुको न्यूनतम मासिक वहाल अंक कायम गरी आय ठेक्का बन्दोबस्तीको टेण्डर प्रकिया अगाडि बढाउने निर्णय लिइएको र टेण्डर समेत आब्हान भईसकेको ।
- बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको अवसरमा २०८०।११।३ गते आयोजना गरिने शुभकामना आदान प्रदान कार्यक्रमको प्रमुख अतिथिमा पूर्व उपप्रधान एवं अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेलज्यूलाई आमन्त्रण गर्ने गरी निर्णय लिइएको ।
- ६५ औं स्थापना दिवस भव्य रुपमा मनाउनका लागि प्रमुखज्यूको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको ।
- खेलकुद तथा अतिरिक्त कृयाकलापहरु संचालन गर्न विगत वर्षहरुमा जस्तै नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समिति बुटवल उपमहानगरपालिकालाई जिम्मेवारी तोकिएको ।
- नगर गीतको तयारीका लागि कार्यदल गठन गरिएको ।
- सांस्कृतिक कार्यक्रमको तयारीका लागि कार्यदल गठन गरिएको । गठित कार्यदलबाट कार्य प्रकिया समेत अगाडि बढेको ।
- पूर्न प्रयोग योग्य (कवाडीजन्य) वस्तुको संकलन व्यवस्थापन र निकासी पैठारी गर्ने प्रयोजनका लागि चालु आ.व. ०८०।०८१ का लागि आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको भए तापनि चालु आ.व को बाँकी अवधि कम हुन गएको हुँदा उक्त निर्णय कार्यान्वयन नगरी आजको बैठकमा पूर्नविचार गर्नका लागि कार्यसूचीमा राखिएको ।
- आगामी आ.व ०८१।०८२ का लागि सङ्घीय समपुरक अनुदान र विशेष अनुदान अर्न्तगत लागत सहभागिताको सुनिश्चितता गर्ने प्रतिबद्वता सहित प्राथमिकताक्रममा राखी छनौट गरी स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौंमा पठाउने गरी निर्णय लिइएको । उक्त आयोजनाहरुको प्रस्ताव तयारी गरी पठाउने क्रममा रहेको ।
- आगामी आ.व.०८१।०८२ का लागि तराई मधेश समृद्धि कार्यक्रम अर्न्तगत लागत सहभागिता जनाउने प्रतिवद्वता सहित आयोजनाहरु छनौट गरी स्वीकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय लिइएको । उक्त आयोजनाहरुको प्रस्ताव तयारी गरी पठाउने क्रममा रहेको ।

- सडक बोर्ड नेपाल र बुटवल उपमहानगरपालिकाको म्याचिङ्गमा कार्यान्वयन हुने गरी आयोजना छनौट गरी सहमतिका लागि सडकबोर्ड नेपाल काठमाडौंमा पठाउने गरी निर्णय लिईएको । उक्त आयोजनाहरु स्वीकृतिका लागि सडक बोर्ड नेपालमा पठाई पनि सकिएको ।
- नगरकार्यपालिकाको कार्यालयको जनस्वास्थ्य निरीक्षक पदमा कार्यरत अधिकृतस्तर छैटौ तहका युवराज शर्मा भण्डारीको दुई वर्ष र सहायकस्तर पाँचौ तह प्रशासनमा कार्यरत भागवत घिमिरेको एक वर्ष असाधारण (बेतलवी) बिदा सिफारिस एवं स्वीकृत गर्ने गरी निर्णय लिइएको ।
- नक्शा अभिलेखीकरण गरी अभिलेख व्यवस्थित गर्न आवश्यक भएको हुँदा सो विषयलाई कार्यान्वयनमा लैजाने गरी निर्णय लिइएको ।
- बुटवल - ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा बहुतले पार्किङ्ग भवन Design Model मा निर्माण गर्न Bid Document स्वीकृत गरी बोलपत्र आव्हान गर्ने गरी निर्णय लिइएको ।
- २०८०।९।२९ मा मोतीपुरमा भएको सार्वजनिक सुनुवाईको प्रतिवेदन जानकारीमा लिई उक्त प्रतिवेदनले औल्याएका सुझावहरु क्रमशः कार्यान्वयन गर्दै जाने गरी निर्णय लिइएको ।
- नगरको व्यवस्थित विकास गर्ने सन्दर्भमा लगानी गर्ने दाता एवं दातृ निकायहरुबाट प्रारम्भ मै DPR भए नभएको विषयमा खोजी हुने भएकोले केही आयोजनाहरुको DPR प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित तामनगरमा रहेको र वडा नं.१६ सेमलार स्थित नरैनापुरमा रहेको हाटबजारको संचालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयहरुले लिई आगामी २०८१ असार मसान्त सम्म व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.१६ स्थित बैठौलियामा रहेको पिक्निक स्थललाई चलायमान बनाउन आगामी २०८१ असार मसान्त सम्मका लागि सम्बन्धित वडा कार्यालयले नै सो को जिम्मेवारी लिई व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- नगरस्तरीय प्रथम मेयरकप छात्र फुटवल प्रतियोगिता संचालनका लागि प्रस्तावित खर्चको विवरण स्वीकृत गर्ने गरी निर्णय लिइएको र मेयरकप प्रतियोगिता संचालन समेत भईरहेको ।
- नागरिक वडापत्र छपाई गर्ने गरी निर्णय लिइएको ।
- केही आयोजनाहरु स्वीकृत गरी कार्यान्वयन गर्न आवश्यक ठानिएको हुँदा स्वीकृत गरिएको ।

**प्रस्ताव नं. १०.२**

बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको तयारी सम्बन्धमा ।

**निर्णय नं. १०.२**

बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको अवसरमा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न क्षेत्र र विषयहरुका विविध विधाहरु तर्फ प्रोत्साहन एवं सम्मान गर्न सान्दर्भिक र उपयुक्त हुने भएको हुँदा सो को लागि आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१०.३**

नाप नक्शांकनको प्रकिया अगाडि बढाउन सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. १०.३**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने सन्दर्भमा कार्यालयमा कार्यरत प्राविधिक जनशक्तिहरुबाट वडा नं. ११ का तपसिल बमोजिमका ब्लकहरु छुट्टाउने कार्य सम्पन्न भइसकेकोले तपसिल बमोजिमका योग्य ब्लकहरु नापनक्शांकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भूमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

| क्र.स. | वडा नं./सिट नं. | ब्लक नं. | ब्लकको नाम/टोल | साबिक कि.नं. | जग्गाको प्रकृति | तहगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ११/९घ | १९ | दुर्गा नगर | ५ | प्रति | शहरोन्मुख | |
| २ | ११/९घ | २० | धुब नगर | ३७ | प्रति | शहरोन्मुख | |
| ३ | ११/९घ | २१ | मजुवा प्रवेश नगर | ६२ | प्रति | शहरोन्मुख | |

**प्रस्ताव नं.१०.४**

पुर्न प्रयोग योग्य (कवाडीजन्य) मालसामानको बिक्रीमा लाग्ने कर असुलीको आय ठेक्का सम्बन्धमा ।

**निर्णय नं.१०.४**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र पुर्नप्रयोग योग्य वस्तू (कवाडीजन्य) मालसामानको संकलन तथा निकासीको आयठेक्का वन्दोवस्ती गर्ने सम्वन्धमा मिति २०८०।१०।१८ मा बसेको नगरकार्यपालिकाको वैठकवाट आ.व.२०८०/०८१ का लागि रु.२०,००,०००।०० ठेक्का अंक कायम गरी आय ठेक्का वन्दोवस्तीको प्रकिया अगाडि बढाउने निर्णय भएको भए तापनि चालु आ.व.२०८०/०८१ को बाँकी

समय टेण्डर आव्हानका लागि कम भएको हुँदा समयावधि थप गरी संशोधन गर्न आवश्यक भएकोले भ्याट वाहेक वार्षिक रु.२०,००,०००(अक्षरुपी विस लाख मात्र) का दरले २ वर्षका लागि आय ठेक्का वन्दोवस्तीको प्रकिया अगाडि वढाउनका लागि मिति २०८०।१०।२२ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हूँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.५. विविध ।**

**प्रस्ताव नं. १०.५.१**

स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १०.५.१**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सामुदायिक अस्पताल, निजी अस्पताल, पोलिक्लिनिकहरु, मेडिकलहरु, शहरी स्वास्थ्य केन्द्रहरु गरी करिब पाँच सय भन्दा बढी स्वास्थ्य संस्थाहरु रहेका छन । स्वास्थ्य सेवा प्रदान गर्ने उल्लेखित स्वास्थ्य संस्थाहरुबाट दैनिक रुपमा जोखिमयूक्त स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको चुनौति रहेको छ । GIZ को प्राविधिक सहयोगमा नेपालगंजमा स्वास्थ्यजन्य फोहोरको व्यवस्थित व्यवस्थापन भएको बुझिएको हुँदा यस उपमहानगरपालिकालाई पनि देहायको कियाकलापहरुमा Support भएमा यस उपमहानगरले पनि देहायका कार्यक्रम गर्न सक्ने भएको हुँदा बुटवलको नविनतम प्रयाससंग हातेमालो गरी स्वास्थ्य प्रर्वद्धनको क्षेत्रमा सहयोग पुऱ्याउन GIZ S2HSS ललितपुर नेपालमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

क्रियाकलाप

Assessment of municipal healthcare waste , Orientation to municipality, different workshops, observation and study visits, Trainings to all stakeholders according to new Guidelines for capacitydevelopment, SOPpreparation, consultation meetings with stakeholders, site engeneering designing, and support to preparation of legal document.

बुटवल उपमहानगरपालिकाको तर्फबाट गर्न सकिने कार्यहरु

1. construction support (ongoing for machine, need further technical design support ).

2. equipment support.( Provided by Save the Children).

प्रस्ताव नं. १०.५.२

सङ्घीय समपुरक अनुदान र विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।

निर्णय नं. १०.५.२

आगामी आ.व. २०८१/०८२ का लागिं सङ्घीय समपुरक र विशेष अनुदान तर्फ विशेष अनुदान कार्यविधि (संशोधित) ले निर्दिष्ट गरे अनुसार देहाय बमोजिमको प्राथमिकताक्रम तोकि समपुरक अनुदानमा बुटवल उपमहानगरपालिकाको तर्फबाट कम्तीमा ५० प्रतिशत लागत सहभागिताको सुनिश्चितता रहने प्रतिबद्धता सहित देहायका योजना छनौट गरी राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौंमा पठाउने निर्णय गरियो ।

**(क) समपुरक अनुदान तर्फ ( ५०:५० प्रतिशत)**

| क.सं. | आयोजनाको नाम/ठेगाना | लागत रकम रु. |
|---|---|---|
| १ | बुटवल मा.वि.देखि नुवाकोटसम्म पूरानो परम्परा झल्किने गरी पदमार्ग निर्माण, बुटवल १ | ५ करोड |
| २ | नेपाल अंग्रेज युद्धको महत्वपूर्ण किल्ला संरक्षण पर्यटकीय क्षेत्रको निर्माण र तिनाउ नदी सभ्यतामा आधारित आरती केन्द,बुटवल १ | ५ करोड |
| ३ | बटौली युद्ध संग्रहालयमा ईन्टेरियर व्यवस्थापन, बुटवल १ | १० करोड |
| ४ | ईमिलीचोकबाट कृष्णगञ्ज हुदै मोतिपुर चोक जाने अधुरो सडक निर्माणलाई नमूना सडक निर्माण, बुटवल १६,१५,१४,१९ हुदै १७ | ५ करोड |
| | **जम्मा** | **रु. २५ करोड** |

**(ख) विशेष अनुदान तर्फ**

| क.सं. | आयोजनाको नाम/ठेगाना | लागत रकम रु. |
|---|---|---|
| १ | गौशाला पूर्वाधार निर्माण,बुटवल ७ | ५ करोड |
| २ | ५ विगाहा क्षेत्रफलमा १५ वेडको नगर अस्पताल निर्माण, बुटवल ११ | १५ करोड |
| ३ | जेष्ठ नागरिक पार्क निर्माण, बुटवल | ३ करोड |
| ४. | कर्साघाट शवदाह स्थल निर्माण, बुटवल १५ | ३ करोड |
| ५. | सामुदायिक विद्यालयहरुको भौतिक निर्माण | १५ करोड |

(श्री रानीगंज जनशक्ति नमूना भिमप्रसाद गोमता आधारभुत विद्यालय,बुटवल- १७, श्री अमर माध्यमिक विद्यालय,बुटवल- १९, श्री सूर्योदय आधारभुत विद्यालय,बुटवल- ११, श्री सिद्देश्वर लालकुमारी मा.वि.,बुटवल ७, श्री नयागाउँ मा.वि., बुटवल १२, श्री प्रगति माध्यमिक विद्यालय,बुटवल- ११, श्री जनता माध्यमिक विद्यालय,बुटवल- ८, श्री बुटवल मा.वि., बुटवल- १, श्री कान्ति मा.वि. ,बुटवल ४ र श्री लक्ष्मी मा.वि.,बुटवल- ४ )

**प्रस्ताव नं. १०.५.३**

आइपी क्यामरा जडान सम्बन्धमा ।

**निर्णय नं १०.५.३**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको प्रमुख बजार क्षेत्र र वडा नं. ४,५ र ६ को सुरक्षा तथा निगरानीका लागि विभिन्न स्थानहरुमा केन्द्रित र व्यवस्थापन हुने गरी हाललाई परीक्षणको रुपमा आइपी क्यामरा जडान, निगरानी कक्ष र भिडियोको भण्डारण व्यवस्थापन गर्न आवश्यक भएको हुँदा एकमुष्ट रुपमा टेण्डर प्रकिया मार्फत कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.५.४**

विज्ञापन करको आय ठेक्का सम्बन्धमा ।

**निर्णय नं. १०.५.४**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र (एपेक्स नेपालसँग भएको सम्झौतामा उल्लेखित क्षेत्र बाहेक) का उद्योग व्यवसाय, संघ संस्थामा लगाइएका होडिङ्गवोर्ड तथा विज्ञापन सामग्रीमा २ आ.व. का लागि विज्ञापन करको आय ठेक्का वन्दोवस्ती गर्न जम्मा रु ८८२०,०००।- भ्याट बाहेक कायम गरी मिति २०८०/७/२२ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आय ठेक्काको टेण्डर आब्हान गरिएकोमा ३ पटक सम्म सार्वजनिक सूचना प्रकाशित गर्दा समेत टेण्डर फारम खरिद नभएको, न.पा.को राजश्व असुलीमा असर परिरहेको हुँदा विज्ञापन करको पुनःन्यूनतम रकम निर्धारण गर्ने सम्बन्धमा तोकिएको रकम रु ४२,००,०००।- मा २५% कम गरी रु. ३१,५०,०००।- (भ्याट वाहेक) ले २ आ.व. को रु ६३,००,०००।- (भ्याट वाहेक) कायम गरी आय ठेक्का बन्दोवस्तीको प्रकृया अगाडि बढाउनका लागि मिति २०८०/१०/२२ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा उल्लेख भई आए बमोजिम हुने गरी आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १०.५.५

घुम्ती शौचालय सम्बन्धमा ।

निर्णय नं. १०.५.५

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक शौचालयहरु सडक विस्तारको क्रममा विस्थापित भएका कारण यस क्षेत्रमा आउने मानिसहरुका लागि शौच गर्न अति नै समस्या परिरहेको छ भने नगरको सरसफाई व्यवस्थापन, वातावरण एवं सौन्दर्यीकरण समेतमा नकारात्मक असर परिरहेको वर्तमान अवस्थामा नगरपालिकालाई हाल अनुदान स्वरुप प्राप्त हुन आएका २ थान घुम्ती शौचालय (टयाक्टर सहितको) संचालन तथा व्यवस्थापन गरी नगरमा आउने जाने सवै नागरिकलाई सर्व सुलभ सेवा प्रदान गर्न जरुरी रहेकोले उक्त घुम्ती शौचालयलाई आय ठेक्का मार्फत वहाल वन्दोवस्ती गर्न जरुरी र आवश्यक भएकोले १ टेक्टर सहित २ वटा ट्रली जडान भएको शौचालयलाई २ वर्षका लागि प्रति घुम्ती शौचालयको मासिक भाडा न्यूनतम रु ५०००।- कायम गरी शौचालय प्रयोग गरे वापत उपभोक्तावाट रु १०।- प्रति पटक लिने गरी सो घुम्ती शौचालय संचालन तथा व्यवस्थापनमा बहालमा लिने व्यक्तिले सवै खर्च व्यहोर्ने गरी आय ठेक्का मार्फत वहाल वन्दोवस्ती प्रकिया अगाडि बढाउनका लागि मिति २०८०/१०/२२ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा उल्लेखित विधि बमोजिम हुने गरी घुम्ती शौचालयको संचालन तथा व्यवस्थापन मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. १०.५.६

आवश्यक केही पद करार सेवा मार्फत पूर्ति गर्ने सम्बन्धमा ।

निर्णय नं. १०.५.६

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सहायकस्तर पहिलो तह देखि अधिकृतस्तर नवौं तह सम्मका कर्मचारीहरु अनिवार्य /स्वेच्छिक अवकास, लोकसेवा आयोगबाट नाम निकाली संघ,प्रदेशमा सिफारिस भई रमाना लिई गएका साथै कतिपय समायोजन मिलान भई अन्य पालिकामा गएका लगायतका बिबिध कारणले कर्मचारीहरु कम हुदा बारुणयन्त्र संचालन,सरसफाई,वडा कार्यालयबाट हुने राजश्व असुली सम्बन्धी कार्य, नगर प्रहरी परिचालन गरी गर्ने कार्यहरुमा बाधा पर्न गएको हुदा उपमहानगरपालिका र अर्न्तगतका वडा कार्यालयहरुबाट प्रदान हुने सेवालाई व्यवस्थित गरी कार्यसम्पादनलाई निरन्तरता दिन आवश्यक भएकोले हाल तत्कालका लागि देहायका केही पदहरु करार सेवाका माध्यमबाट पूर्ति गर्ने गरी करार पदपूर्तिको प्रकिया अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.न | पद | तह | करार पदपूर्ति गर्नुपर्ने सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कम्प्युटर अप्रेटर | पाँचौ | २ | |
| २ | कम्प्युटर अप्रेटर | चौथो | ४ | |
| ३ | प्राबिधिक सहायक | पाँचौ | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ४ | सहायकस्तर पाँचौ | पाँचौ | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ५ | नगर प्रहरी पुरुष | प्रथम | ७ | |
| ६ | नगर प्रहरी महिला | | ३ | |
| ७ | फायरमेन | प्रथम | ४ | |
| ८ | चालक हल्का | प्रथम | १ | |
| ९ | चालक हेभी | प्रथम | १ | |

**प्रस्ताव नं. १०.५.७**

योजनाहरुको सम्झौता गर्नका लागि म्याद थप गर्ने सम्बन्धमा।

**निर्णय नं. १०.५.७**

चालु आ.व. ०८०/०८१ का लागि नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम अवधि ०८० माघ मसान्त सम्मका लागि तोकिएको भए तापनि विविध कारणहरुले गर्दा उक्त सम्झौता गर्ने अवधिलाई केही समय बढाउन आवश्यक देखिएको हुँदा ०८० फागुन १५ गते सम्म योजना सम्झौता गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०.५.८**

खेलकुद विकास समितिमा सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १०.५.८**

बुटवल उपमहानगरपालिकाको नगर खेलकुद विकास समितिमा नगरकार्यपालिकाले मनोनयन गर्नुपर्ने सदस्यहरुमा देहाय बमोजिमका व्यक्तिहरुलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

१ श्री सुजन पुन, बुटवल - ८ (हाल वडा नं.-६)

२. श्री विष्णु थापा क्षेत्री, बुटवल - ७

३. श्री विष्णु थापा, बुटवल - १३

**प्रस्ताव नं. १०.५.९**

आवश्यक बजेट विनियोजन एवं सहयोग सम्बन्धमा ।

**निर्णय नं. १०.५.९**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र संचालन एवं कार्यान्वयनमा रहेका र कार्यान्वयन गर्नुपर्ने आयोजनाहरुका लागि बजेट माग भई आएको सम्बन्धमा छलफल हुँदा देहायका आयोजनाहरुका लागि देहायको शीर्षकबाट देहाय बमोजिमको बजेट व्यवस्था गरी सहयोग गर्ने र कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | योजना/कार्यक्रमको नाम | प्रयोजन | रकम रु. | खर्च हुने शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | गिरिजा प्रसाद कोइराला अध्ययन केन्द्र | भवन निर्माण तथा फर्निचर | रु. ७ लाख | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| २ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र | कवाज मैदान थप स्तरोन्नती तथा रङरोगन | रु. ५ लाख | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ३ | राष्ट्रिय विभुति पार्क | निर्माण एवं संरक्षण | रु. ४ लाख | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ४ | क्लोथ एण्ड फुड बैंक नेपाल | बक्स खरिद | रु.२ लाख ५० हजार | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ५ | श्री स्वामीनारायण मुक्तिनाथ धाम बुटवल -१२ | यज्ञ सम्पादन मुल समिति (श्रृगारिक महाआरती) | रु. २ लाख | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ६ | सुर्यपथ (जीएच टोल प्रगतिनगर) बुटवल-११ | सडक निर्माण तथा स्तरोन्नती थप बजेट | रु.२ लाख | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| ७ | जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड | प्रतियोगितामा सहभागी हुनका लागि थप बजेट | रु.१ लाख ५० हजार | चालु भैपरी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | रुपन्देही बचत तथा ऋण सहकारी संघ लिमिटेड | कार्यशाला गोष्ठी आयोजनाका लागि सहकार्य | रु. १ लाख ५० हजार | चालु भैपरी | |
| ९ | पूर्व सिद्धनगर टोल दुर्गापथ बुटवल -११ | १६ कुलोमा पक्की वाल निर्माणका लागि अपुग बजेट | रु. १ लाख | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |
| १० | जितेश्वरी टोल विकास बुटवल -१३ | आमा समुहको शौचालय मर्मत | रु. ७० हजार | पुजीगत भैपरी ब.पु.सि.न.६०० | |

**प्रस्ताव नं. १०.५.१०**

संशोधन सम्बन्धमा ।

**निर्णय नं. १०.५.१०**

मिति २०८०/१०/३ मा बसेको नगरकार्यपालिकाको आठौं बैठकको निर्णय नं. ८.१६.८ को सि.न. २५ मा प्रगतिशिल महिला भजन समुह बुटवल -१४ विनायकपुर नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.न ४४९ रु. १ लाख ५० हजार हुनु पर्नेमा अन्यथा भएकोले संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.५.११**

समवेदना सम्बन्धमा ।

**निर्णय नं. १०.५.११**

(क) यस बुटवल उपमहानगरपालिकाको वडा नं. १८ का वडाध्यक्ष श्री गुरुप्रसाद पंगेनीकी ममतामयी माता केशमाया पंगेनीको मिति २०८०।१०।२५ गतेका दिन ८४ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दुःखका साथ मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति यो कार्यपालिका बैठक समवेदना प्रकट गर्दछ ।

(ख) यस बुटवल उपमहानगरपालिकाको वडा न १२ का वडा सदस्य श्री गंगादत्त पौडेलकी ममतामयी माता भीमकला पौडेलको मिति २०८०।१०।२४ गतेका दिन ९० वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दुःखका साथ मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति यो कार्यपालिका बैठक समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।